आज मिति २०८१ साल भाद्र ३१ गतेका दिन त्रिपुरासुन्दरी गाउँकार्यपालिकाको आ.व. २०८१।०८२ को दोश्रो बैठक अध्यक्ष श्री भक्त ध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्त ध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री जय बहादुर वाईबा | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं. २: बेरोजगार सूची प्राथमिकीकरण सम्बन्धमा।

प्रस्ताव नं. ३: सडक मर्मत सुधार सम्बन्धमा।

प्रस्ताव नं. ४: कार्यविधि संशोधन सम्बन्धमा।

प्रस्ताव नं. ५: आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ६: आर्थिक सहयोग सम्बन्धमा।

प्रस्ताव नं. ७: बर्थिङ सेन्टर सञ्चालन सम्बन्धमा।

प्रस्ताव नं. ८: आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं. १:** गाउँ कार्यपालिकाको मिति २०८१।०५।०३ गतेको कार्यपालिकाको बैठकबाट भएका निर्णय कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो।

**निर्णय नं. २:** त्रिपुरासुन्दरी गाउँपालिकाको रोजगार सेवा केन्द्र, प्रधान्मन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समिति मार्फत पेश भएको सूचिकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम सूचि स्वीकृत गरी प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** त्रिपरासुन्दरी गाउँपालिकाको सबै वडाहरु अन्तर्गत रहेका प्रमुख र सहायक सडकहरु वर्षादको समयमा बाढी पहिरोको कारण अवरुद्ध भई यातयात सहज रुपमा संचालन हुन नसक्ने अवस्था रहेकोले हिन्दुहरुको महान चाड विजयादशमी भन्दा अघि प्राविधिक कर्मचारीले नापजाँच गरी तयार पारेको लागत अनुमानको आधारमा सडकहरु मर्मत संभार गर्नको लागि प्रति वडा कार्यालयलाई सडक मर्मत सम्भार शिर्षकबाट रु. एक लाख रकम बराबरको अमानतबाट काम गर्ने गरी कार्यालयलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** त्रिपुरासुन्दरी गाउँपालिकाको स्थानीय विकास प्रकृयामा टोल र बस्तीस्तरबाट नागरिक सहभागिता सुनिश्चित गर्दै विकासमा दिगोपना र अपनत्व सिर्जना गर्ने गरि कार्यान्वयनमा रहेको ***टोल विकास समिति(गठन तथा परिचालन) कार्यविधि,२०७९*** देहाय बमोजिम पहिलो संशोधन गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिल:

टोल विकास समिति (गठन तथा परिचालन) कार्यविधि,२०७९ को दफा १९ संशोधन सम्बन्धमा

१९(१) उपसमिति गठन सम्बन्धमा

क) समितिको बैठकले समितिको पदाधिकारी/सदस्यको संयोजकत्वमा योजना कार्यान्वयनको प्रयोजनको लागि आयोजना बाट प्रत्यक्ष लाभन्वित उपभोक्ताहरुलाई समेटी ५-७ सदस्यीय उपसमिति अनिवार्य गठन गर्नुपर्नेछ।